# नियम पूर्वक प्रार्थना

जे.सी चोएट्स

प्रार्थना के हो? के यो मानव आत्माको मनोवैज्ञानिक शान्ति बाहेक केहि होइन्? के यो “धर्म” मा रित्तो अभ्यास हो? के यो खीष्टियानहरुको आत्मिक जीवनको वास्तविक र प्रभावकारी शक्ति हो?

## हामी कसलाई प्रार्थना गर्छौं?

प्रश्नहरुको सही जवाफ पाउन हामी धर्मशास्त्रमा फर्कनुपर्छ। बच्चाले आफ्नो बुबासंग आवेदन गरेको रुपमा नयाँ नियमले प्रार्थनालाई चित्रण गर्दछ । जब येशूका चेलाहरुले उहाँलाई प्रार्थना गर्ने तरिका सिकाउन आग्रह गरे, उहाँले “हाम्रो पिता...” बाट सुरु गर्नुभयो । जब वचन परमेश्वरको पुत्र र मानिसको पुत्रको रुपमा जन्मिनुभयो, तब परमेश्वरको परिवारमा जेठो हुनुभयो (कलस्सी १:१५), उहाँले हामीलाई “पिता” को रुपमा परमेश्वरको अगाडि आउनको लागि बाटो खोलिदिनुभयो ।

## हामी को मार्फत प्रार्थना गर्छौं?

हामी पापी प्राणी हौं । हाम्रो पापको पर्खालले हामी परमेश्वरबाट अलग भएका छौं। यद्यपि, जब हामी विश्वासद्वारा परमेश्वरमा फर्कन्छौं (विश्वास बिना उहाँलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ, र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ” हिब्रू ११:६), उहाँको परिवारमा बप्तिस्मा लिन्छौं (“...एउटै आत्माद्वारा हामी सबै एउटै शरीरमा बप्तिस्मा लियौं...” १ कोरिन्थी १२:१३), र उहाँको पुत्रको रगतमा धोइयौ (“...के तिमीहरु जान्दैनौं हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं” रोमी ६:३,४), तब हामी “यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं” (हिब्रू ४:१६) । तर, हामी कसको माध्यमबाट हाम्रा पिताको नजिक जान्छौं? येशूले भन्नुभयो, “तिमीहरुले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु” (यूहन्ना १४:१३) । हाम्रो लागि मध्यस्थता गर्ने हाम्रो दाजु बाहेक हामीसँग परमेश्वरमा पहुँच छैन, त्यसैले हरेक निवेदन उहाँको नाउँ गरिनुपर्छ ।

## हामी कसरी प्रार्थना गर्छौं?

प्राय: हामीले के गरिरहेका छौं भन्ने कुरा नबुझेर खीष्टियानहरुले प्रार्थना गर्छन्। हामीले के गर्नुपर्छ भनी सोचेर परमेश्वरलाई विश्वस्त पार्ने प्रयास गर्छौं। हामी “हाम्रो इच्छा” जित्न चाहन्छौं, किनकि हामीलाई सबै भन्दा राम्रो कुरा थाहा छ जस्तो लाग्छ। गेथसमनी बगैचामा येशूको प्रार्थनामा, उहाँले यसो भन्नुभयो, “हे पिता, तपाईको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस् । तर मेरो इच्छा होइन्, तपाईकै इच्छा पूरा होस्” (लूका २२:४२) । प्रार्थना गर्नु अघि हामीले हाम्रो हृदय जाँच्नुपर्छ र निश्चित हुनुपर्दछ कि परमेश्वरले हाम्रा इच्छाहरुलाई उहाँको आफ्नै ज्ञानले सबैभन्दा उत्तम कुरा के हो भन्ने बारेमा हामी ओझेलमा पारेको चाहन्नौं । हाम्रा पिताले सुन्नुहुनेछ र उहाँको बुद्धि अनुसार जवाफ दिनुहुनेछ भनी जान्ने गरी हामीले जुनसुकै कुरा र हाम्रो हृदयमा भएका सबै कुराको लागि उत्कटतासाथ प्रार्थना गर्न सक्छौं ।

## हामी के को लागि प्रार्थना गर्छौं?

फिलिप्पी ४:६-८ मा हौसला दिइएको छ, “कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ ।” हामीले जीवनमा सामना गर्नुपर्ने कुनै पनि निवेदन, कुनै पनि आवश्यकतालाई लिएर हामी हाम्रा पिताकहाँ जान सक्छौं । “परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ” (१ यूहन्ना ५:१४,१५) ।

“तर त्यसले कत्ति पनि शंका नगरी विश्वाससाथ मागोस् । शंका गर्नेचाहि बतासले उचाल्दै पछार्दै गर्ने

समुद्रका छालसमान हुनेछ । त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ । किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ"(याकूब १:६-८) ।

हाम्रो प्रार्थनाको जवाफमा हामी विश्वास गर्नेछौं भनी सुनिश्चित गर्न परमेश्वरले कसरी मद्यत गर्नुहुन्छ? धन्यवादका साथ प्रार्थना गर्न आग्रह गरेर हो (फिलिप्पी ४:६) । कृतज्ञताको लागि हामीले विगतमा फर्केर हेर्नु पर्छ । हाम्रो प्रार्थनाप्रति परमेश्वरको जवाफमा उहाँले हाम्रो लागि गर्नुभएका सबै कुराहरु सम्झनु पर्छ । विगतका कुरामा हाम्रो लागि उहाँले गर्नुभएको हेरचाहको सम्झनाले हाम्रो विश्वासलाई बलियो बनाउँछ । उहाँले हाम्रो वर्तमान आवश्यकताहरुका विन्ति सुन्नुहुन्छ ।

### परमेश्वरले प्रार्थनाको जवाफ कसरी दिनुहुन्छ?

हाम्रो प्रार्थनाको जवाफ दिन उहाँसँग उपलब्ध उपकरणहरुमा परमेश्वर सीमित हुनुहुन्न् । उहाँले मानिसहरु मार्फत, घटना मार्फत, समय मार्फत, भौतिक र आत्मिक उपकरणहरु मार्फत काम गर्न सक्नुहुन्छ । उहाँको आफ्नै बुद्धिमा जवाफ दिनुको अर्थ यो हो कि हामीले सोधेको भन्दा पूर्णतया फरक कुरा उहाँले गर्न सक्नुहुन्छ, यदि उहाँले गर्नुहुन्छ भने, उहाँको मार्ग हाम्रो भन्दा उत्तम हुनेछ । उहाँले जवाफ दिन "पर्खन" सक्नुहुन्छ, किनभने पर्खनाले हाम्रो विश्वास बलियो हुन्छ, जसरी शारीरिक सहनशीलताले हाम्रो शरीरलाई बलियो बनाउँछ । उहाँले "होइन" भन्न सक्नुहुन्छ, किनकि हामीले जे मागेका छौं त्यसको अन्तिम नतिजा उहाँले देख्न सक्नुहुन्छ, र उहाँलाई थाहा छ कि यो राम्रो होइन् । उहाँले जे जवाफ दिनुहुन्छ, हामीलाई थाहा छ कि उहाँले हाम्रो कुरा सुन्नु भएको छ र उहाँले माया गर्नुहुने सन्तानहरुका लागि सधैं असल कुरा गर्नुहुन्छ ।

### के हामी आश्चर्यकर्मको आशा गर्न सक्छौं?

समयको दौडानमा परमेश्वरले मानिससँग दुई तरिकाद्धारा काम गर्नुभएको छः उहाँको प्राविधिक हेरचाह मार्फत र आश्चर्यकर्म मार्फत । धेरै मानिसहरुले गलत रुपमा सोच्छन् कि परमेश्वरले कुनै पनि प्रतिक्रिया आश्चर्यजनक रुपमा हेनुपर्छ, तर धर्मशास्त्रले यो सत्य हो भनेर देखाउँदैन् । आश्चर्यकर्महरु सधैं नियमको अपवाद थिए, निर्विवाद प्रमाणहरु नयाँ सन्देशवाहक वा नयाँ सन्देश प्रमाणित गर्न प्रयोग गरिन्छ । नयाँ नियमको लेखन कार्य पूरा हुँदा आश्चर्य कर्मको युगको समाप्त भयो (१ कोरिन्थी १३:८-१०) । प्राविधिक उपकरणहरुको साथ, सबै कुरा परमेश्वरको प्रयोग हो । प्राविधिक प्रतिक्रिया उहाँको कारणले गर्दा कुनै चमत्कारी प्रतिक्रिया हुने थिएन्, तर यो उहाँको शक्ति हो जुन प्रकृतिको नियमहरुमा काम गर्दछ, तिनीहरुको विरुद्धमा होइन् । बाइलल अध्ययनले देखाउँछ कि ईश्वरीय हेरचाह इतिहासभरि नै उहाँका सन्तानहरुको प्रार्थनाको जवाफ दिनको लागि परमेश्वरका रोजाइको साधन हो ।

**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।**
**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**

# नियम पूर्वक प्रार्थना

**जे.सी चोएट्स**

